# बाँसगढी नगरपालिकाको एघारौं नगर सभामा मिति २०७९ असार १० गते नगर उप प्रमुख श्री इन्दिरा चौधरीले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७९/८० को बजेट बक्तब्य

बाँसगढी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बाँसगढी, बर्दिया

लुम्बिनी प्रदेश, नेपाल

**www.Bansgadhimun.gov.np**

**"बाँसगढी नगरः सुन्दर, समृद्ध, सबल र आत्मनिर्भर"**

यस एघारौ नगरसभाका आदरणीय सभाध्यक्षज्यू,
सभाका सम्पूर्ण सदस्यज्यूहरु,
आमन्त्रित अतिथिज्यूहरु,
उपस्थित सम्पूर्ण कर्मचारीहरु तथा संचारकर्मी पत्रकारज्यूहरु,

१. नेपालको संविधानको धारा २३० तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम बाँसगढी नगरपालिकाको उपप्रमुखको हैसियतले यस सम्मानित एघारौं नगरसभामा आर्थिक वर्ष २०७९/८० को बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु । बजेट घोषणाको यो अद्वितिय पलमा देशको यो आमूल राजनीतिक तथा सामाजिक परिवर्तनका संवाहक अमर सहिदहरुप्रति उच्च सम्मानका साथ स्मरण गर्न चाहन्छु ।

२. **"सुन्दर, हरियाली र सफा सहर, समृद्ध र समुन्नत बाँसगढी नगर"** भन्ने मुल नारा रहेको यस बाँसगढी नगरपालिकाले उपलब्ध स्रोतको अधिकतम् र दीगो परिचालनबाट सम्पूर्ण क्षेत्रको समानुपातिक र समन्यायिक दीगो विकासका माध्यमबाट युवा, बालबालिका, ज्येष्ठ नागरिक, महिला, अपाङ्ग, यौनिक तथा लैङ्गिक अल्पसंख्यक, दलित, आदिवासी, थारु, मधेशी, मुस्लिमलगायत सम्पूर्णमा **"मेरो सरकार स्थानीय सरकार"** भन्ने भावना जागृत गराउने प्रयास स्वरुप आगामी आ.व. को बजेट निर्माण गरेको छु ।

३. आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, दिगो विकासका लक्ष्यहरु, पन्ध्रौ आवधिक योजना, नेपालले राष्ट्रिय अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु, नेपाल सरकारवाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्य विस्तृतीकरण, नगरको अर्थिक विधेयक २०७९, विनियोजन विधेयक २०७९, नीति तथा कार्यक्रम, संघीय तथा प्रदेशबाट जारी भएका नीति तथा कार्यक्रमहरु, जलवायु परिवर्तन र विपद व्यवस्थापन, बाल मैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, खाद्य तथा पोषण सुरक्षा, सामाजिक न्याय, सामाजिक संरक्षण र बचाउ, सशक्तीकरण तथा समावेशी विकास लगायतका अन्तरसम्बन्धित विषयहरु, नगरप्रमुख, कार्यपालिकाका सदस्य ज्यूहरुको सुझाव, विषय विज्ञहरुका सुझाव, राजनीतिक दलहरु र संघसंस्थाका रायसुझावहरु, नगरबासी दाजुभाई दिदीबहिनीहरुको रचनात्मक सर-सल्लाह सुझावहरुलाई मुख्य आधारका रुपमा लिएको छु ।

४. अब म यस नगरको चालु आर्थिक वर्षको आर्थिक स्थितिको समीक्षा तथा संक्षिप्त जानकारी गराउन चाहन्छु ।

| मिति २०७९ असार ९ गतेसम्मको बाँसगढी नगरपालिकाको आम्दानी | |
|---|---|
| शीर्षक | रकम |
| संघीय सरकार वित्तिय समानीकरण अनुदान | १६ करोड ३२ लाख रुपैंया । |
| संघीय सरकार सशर्त अनुदान | ३१ करोड ०४ लाख ८६ हजार रुपैंया । |
| संघीय सरकार विशेष अनुदान | १ करोड २४ लाख ५० हजार रुपैंया । |
| संघीय सरकार राजश्व बाँडफाँड (अन्तशुल्क, मु.अ.कर) | १० करोड ८६ लाख २१ हजार २ सय रुपैंया १८ पैसा । |
| संघीय सरकार राजश्व बाँडफाँड (वन रोयल्टी) | ६ लाख २५ हजार ४ सय १३ रुपैंया २१ पैसा । |
| अघिल्लो वर्षको अ.ल्या. | ९ करोड ४० लाख ५४ हजार ६ सय ९२ रुपैंया ५७ पैसा । |
| प्रदेश सरकार वित्तिय समानीकण अनुदान | ७७ लाख ७० हजार रुपैंया । |
| प्रदेश सरकार सशर्त अनुदान | ८६ लाख ५८ हजार रुपैंया । |
| प्रदेश सरकार विशेष अनुदान | ५२ लाख ५० हजार रुपैंया । |
| प्रदेश सरकार समपुरक अनुदान | १ करोड ५० लाख रुपैंया । |
| प्रदेश सरकार राजश्व बाँडफाँड (सवारी साधन कर) | १ करोड ६८ लाख ५० हजार ५ सय ३८ रुपैंया ०९ पैसा । |
| प्रदेश सरकार राजश्व बाँडफाँड (मालपोत कार्यालय बर्दिया – घरजग्गा रजिष्ट्रेशन दस्तुर) | १ करोड ०१ लाख २७ हजार ३ सय ४ रुपैंया ६० पैसा । |
| आन्तरिक श्रोतबाट | १ करोड ६४ लाख ५ हजार ७४ रुपैंया १५ पैसा । |
| आन्तरिक श्रोत (ढुङ्गा गिट्टी बालुवा विक्री आम्दानी) | २५ लाख ९७ हजार ७ सय १६ रुपैंया । |
| जम्मा :७७ करोड २० लाख ९५ हजार ९ सय ३९ रुपैंया पैसा ६१ । | |

त्यसैगरी, २०७९ असार ९ गते सम्म चालूतर्फ ३० करोड २७ लाख ९६ हजार ७ सय ४३ रुपैंया ०५ पैसा मात्र र पूँजीगततर्फ १८ करोड २५ लाख ९० हजार २ सय १५ रुपैंया गरि जम्मा **४८ करोड ५३ लाख ८६ हजार ९ सय ५८ रुपैंया ०५ पैसा मात्र** खर्च भएको छ ।

५. आगामी आर्थिक वर्ष २०७९/८० यस बाँसगढी नगरपालिकाको देहाय बमोजिमको आम्दानी र खर्च हुने प्रारम्भिक प्रक्षेपण रहेको छ :-

| आर्थिक वर्ष २०७९/८० मा बाँसगढी नगरपालिकाको आम्दानी प्रक्षेपण | |
|---|---|
| शीर्षक | रकम |
| संघीय सरकार वित्तिय समानीकण अनुदान | १७ करोड १९ लाख रुपैंया । |
| संघीय सरकार सशर्त अनुदान | ३० करोड ३७ लाख रुपैंया । |
| संघीय सरकार विशेष अनुदान | १ करोड रुपैंया । |
| संघीय सरकार समपुरक अनुदान | २ करोड ३० लाख रुपैंया । |
| संघीय सरकार राजश्व बाँडफाँड | १३ करोड ७५ लाख २७ हजार रुपैंया । |
| संघीय सरकार राजश्व बाँडफाँड (वन रोयल्टी) | ६ लाख रुपैंया । |
| प्रदेश सरकार वित्तिय समानीकण अनुदान | ९६ लाख ९४ हजार रुपैंया । |
| प्रदेश सरकार सशर्त अनुदान | १ करोड ३० लाख रुपैंया । |
| प्रदेश सरकार विशेष अनुदान | ७० लाख रुपैंया । |
| प्रदेश सरकार समपुरक अनुदान | २ करोड रुपैंया । |
| प्रदेश सरकार राजश्व बाँडफाँड | २ करोड ७० लाख ७६ हजार रुपैंया । |
| घरजग्गा रजिष्ट्रेशन मालपोत कार्यालय | २ करोड रुपैंया । |
| नदीजन्य पदार्थ (ढुङ्गा गिट्टी बालुवा) विक्री आन्तरिक स्रोत | ५५ लाख रुपैंया । |
| आन्तरिक स्रोत | ३ करोड रुपैंया । |
| अ.ल्या. | ७ करोड रुपैंया । |
| जम्मा : **८४ करोड ८९ लाख ९७ हजार रुपैंया ।** | |

त्यसैगरी, आगामी आ.व. २०७९/८० मा चालु खर्च तर्फ ४८ करोड ७७ लाख ५९ हजार रुपैंया र पूँजीगत तर्फ ३६ करोड १२ लाख ३८ हजार रुपैंया खर्च हुने अनुमान गरेको छु ।

आदरणीय सभाध्यक्षज्यू,

**६. अब म आ. व. २०७९/८० को बजेट तर्जुमाका विधिहरु प्रस्तुत गर्न चाहन्छु ।**

आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा निम्न विधिहरुलाई आधार मानिएको छ :-

क)राजस्व प्रक्षेपण, राजस्व परामर्श समितिबाट राजस्वको स्रोत, दायरा र दर समेतको विश्लेषण गरी राजस्वको अनुमान र दर सिफारिस ।

ख)स्रोत अनुमान तथा बजेट सीमा निर्धारण एवम् आन्तरिक र अन्य स्रोतको अनुमान गरी विषय क्षेत्रगत सीमा र मार्गनिर्देशन ।

ग) बजेट तथा कार्यक्रम तर्जुमा गरी नीति तथा कार्यक्रम तथा वडागत र विषयगत कार्यक्रमको विश्लेषण गरी कार्यपालिकामा योजनागत सूची ।

घ) नगरसभा बाट स्वीकृत नीति तथा कार्यक्रम र कार्यपालिकाबाट पारित गरि पेश भएको आय-व्यय विवरण ।

**७. आ.व. २०७९/८० को बजेटका उद्देश्यहरु**

१. आधारभूत आवश्यकताको रुपमा रहेको गुणस्तरीय शिक्षा तथा स्वास्थ्य सेवा प्रवाह गर्दै सम्पूर्ण नगरबासीलाई स्वस्थ जिवनयापनको वातावरण सिर्जना गर्ने,

२. आधुनिक तथा बैज्ञानिक कृषि प्रणालीको विकासको माध्यमबाट स्थानीय कच्चापदार्थमा आधारित उद्यमशीलताको विकास गर्दै उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने,

३. उपलब्ध प्राकृतिक स्रोत साधन,श्रम शक्ति, पुँजी र प्रविधिको एकिकृत परिचालनबाट रोजगारी सिर्जना र गरिबी निवारण गर्ने,

४. भौतिक पूर्वाधारको विकासमा समानुपातिक र समन्यायिक विकासको अवधारणा अवलम्बन गर्दै दीगो पूर्वाधार विकासमा जोड दिने,

५. सबै खाले विभेदमुक्त नगरको विकास गर्दै समावेशी समानुपातिक प्रतिनिधित्वमा उदाहरणीय नगरपालिकाका रुपमा विकास गर्ने ।

**८. अब म आ. व. २०७९/८० को बजेटका योजना तथा कार्यक्रमको प्राथमिकिकरणहरु** प्रस्तुत गर्न चाहन्छु :-

क) आधारभूत र गुणस्तरीय स्वास्थ्य तथा शिक्षा क्षेत्रमा सम्पूर्ण नगरबासीको पहुँच,

ख) कृषि र पशुपालनमा आधुनिकिकरण, गुणस्तरीय तथा दीगो भौतिक पूर्वाधार निर्माण सहित आर्थिक विकास र गरिवी निवारण,

ग) उद्यमशीलताको विकास, रोजगारीमा वृद्धि, स्वरोजगारउन्मुख समाजको विकास,

घ) जनसहभागितामा अभिवृद्धिसँगै दीगो भौतिक पूर्वाधार निर्माण,

ङ) वातावरण संरक्षण र वनको वैज्ञानिक व्यवस्थापन साथै स्रोत साधनको दीगो प्रयोग,

च) प्रविधिमैत्री सार्वजनिक प्रशासन र सुशासन,

छ) विपद व्यवस्थापनका लागि पूर्व तयारी,

ज) समानता, समावेशीकरण र सबै प्रकारका विभेदको अन्त्य,

झ) धार्मिक रुपमा सहिष्णु, स्वतन्त्र र एकताबद्ध समाजको निर्माण ।

**आदरणीय सभाध्यक्षज्यू ,**

अब म शीर्षकगत् रुपमा बनाइएको बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

<u>शिक्षा, युवा तथा खेलकुद क्षेत्र</u>

९. बाँसगढी नगरपालिकाका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा स्वच्छ पिउने पानीको व्यवस्था लागि तथा भौतिक निर्माण तर्फ लुम्बिनी प्रदेश सरकारबाट प्राप्त बिशेष अनुदान रकम रु ७० लाख बाट व्यवस्था गरेको छु ।

१०. सम्पूर्ण सामुदायिक विद्यालयहरुलाई सूचना प्रविधि मैत्री विद्यालय निर्माणका लागि विद्युत र ईन्टरनेट शुल्क अनुदानमा रु ८ लाख रुपैंया विनियोजन गरेको छु ।

११. नगरपालिका भित्रका विपन्न, अपाङ्गता भएका व्यक्ति, मुक्तकमैया, भूमिहीन, द्वन्द्वपीडित, असहाय बालबालिकाहरुलाई उच्च प्राथमिकता दिदैं शिक्षामा पहुँचको विकास गर्न **"स्थानीय सरकार छात्रवृत्ति कार्यक्रम"** संचालन गरिनेछ । विपन्न विद्यार्थीहरुलाई खाजा, पोशाक र स्टेशनरी समेत उपलब्ध गराउनको लागि रु ५ लाख रुपैंया विनियोजन गरेको छु ।

१२. सामुदायिक विद्यालयहरुका माध्यमिक तहका उत्कृष्ठ प्रतिभा भएका गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई **नगर प्रतिभा पुरुस्कार** प्रदान गरि सम्मान गर्नुका साथै उत्कृष्ठ कार्यसम्पादन गर्ने शिक्षकलाई **सर्वोत्कृष्ठ शिक्षक पुरुस्कार** प्रदान गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

१३. प्राविधिक, व्यवसायिक तथा व्यवहारिक शिक्षाको माध्यमबाट उत्पादनमूलक कार्यक्रम संचालन गर्ने नमूना विद्यालयहरुलाई प्रोत्साहन स्वरुप रु ५ लाख विनियोजन गरेको छु ।

१४. खेलकुदका माध्यमबाट नगरपालिकाको पहिचान तथा सम्मान अभिवृद्धि गर्न विद्यालयस्तरीय तथा विधागत खेलकुदजन्य प्रतियोगीतात्मक कार्यक्रमहरु संचालनको लागि रु १४ लाख रुपैंया विनियोजन गरेको छु ।

१५. बाँसगढी नगरपालिका क्षेत्रभित्र संचालित क्याम्पस तथा विद्यालयमा अध्ययनरत उत्कृट छात्र छात्राहरुलाई **"तपाईको क्षमता हाम्रो लगानी"** अभियान सुरु गरि पढ्दै कमाउदै कार्यक्रममा जोड्न तथा उच्च शिक्षा हासिल गरेका वेरोजगार जनशक्तीहरुलाई आवश्यकता अनुसार परिचालन गर्दै शैक्षिक रोजगार सृजना गर्न र विद्यालयको शैक्षिक सुधारमा टेवा पुर्याउन रु ४ लाख रुपैंया विनियोजन गरेको छु ।

१६. अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा लागु गर्न सम्पूर्ण सामुदायिक विद्यालयहरुलाई परिक्षा संचालन खर्च तथा विद्युत महशुल सहयोग कार्यक्रमका लागि रु १३ लाख रुपैंया विनियोजन गरेको छु ।

१७. विद्यार्थी नेतृत्व परिचालन गरि **"म बनाउँछु मेरो विद्यालय"** भावना जागृत गराउँदै शैक्षिक जागरण तथा शैक्षिक सुधारका लागि हातेमालो कार्यक्रम संचालन गर्न रु ३ लाख रुपैंया विनियोजन गरेको छु ।

१८. समग्रमा शिक्षा तथा युवा खेलकुद क्षेत्रमा रु ४ करोड रुपैंया विनियोजन गरेको छु ।

**आदरणीय अध्यक्षज्यू,**

<u>कृषि तथा सहकारी विकास क्षेत्र</u>

१९. **"सहकारी/समूह छ हाम्रो, उत्पादन छ राम्रो"** भन्ने मूल नाराका साथ कृषि क्षेत्रमा समूहिक खेतीलाई प्रोत्साहन गरिनेछ । सामूहिक खेती गर्ने कृषक लगायत अन्य कृषकहरुलाई सुलभ तरिकाबाट रासायनिक मल पाउने व्यवस्थाका लागि रासायनिक मल ढुवानीमा सहकारीहरुलाई अनुदान स्वरुप रु १० लाख रुपैंया विनियोजन गरेको छु ।

२०. **"किसानसँग स्थानीय सरकार, कृषिको समग्र विकास रोजगारी सिर्जनाको आधार"** भन्ने भनाईलाई साकार बनाउन परम्परागत कृषि प्रणालीलाई कृषिको यान्त्रिकिकरण र आधुनिक कृषि प्रविधि सँग जोडी उत्पादनमूलक दिगो कृषि प्रणालीको विकास गर्ने नीति अनुरुप कृषि यन्त्र लगायतका अन्य औजार उपकरणमा ५० प्रतिशत तथा ७५ प्रतिशत अनुदानका कार्यक्रम संचालन गरिनेछ जसका लागि समग्रमा रु ३० लाख रुपैंया विनियोजन गरेको छु ।

२१. निम्न वर्गीय मुक्त कमैया/कमलरी, द्वन्द्वपीडित तथा पिछडिएका व्यक्तिहरुलाई खाद्यान्न तथा तरकारी बीउ बीजनमा अनुदान प्रदान गरी व्यवसायिक उत्पादनमा सहभागी गराउनको लागि रु ३ लाख रुपैंया विनियोजन गरेको छु ।

२२. कृषि पेशालाई सम्मानजनक पेशाका रुपमा स्थापित गर्न कृषि पेशामा आवद्ध सम्पूर्ण कृषकहरुसँग भेटघाट, अभिमूखिकरण, गोष्टी र विभिन्न क्षमता विकास तालिमहरु संचालन गर्नुका लागि पर्याप्त बजेटको व्यवस्था मिलाएको छु ।

२३. नियमित माटो परीक्षण गरी माटो सुधारका उपायहरु अवलम्बन गरि कृषि उत्पादनलाई वृद्धि गर्न **माटो परीक्षण प्रयोगशाला स्थापना**को लागि रु १३ लाख रुपैंया विनियोजन गरेको छु ।

२४. कृषि हाटबजार तथा संकलन केन्द्रको स्वचालित संचालनका लागि निजी तथा सहकारी संस्थासँग लागत साझेदारीमा सहकार्य गरिनेछ र उक्त केन्द्रमा आफ्नो कृषि उपज बिक्री गर्ने सम्पूर्ण कृषकलाई प्रोत्साहन स्वरुप अनुदान रकम प्रदान गर्न रु १० लाख रुपैंया विनियोजन गरेको छु ।

२५. कृषि बीमालाई विस्तार गरी निःशुल्क तथा अनिवार्य बनाईनेछ जसका लागि **"कृषि बिमा कार्यक्रम"** तर्फ रु ७ लाख रुपैंया विनियोजन गरेको छु ।

२६. **"एक गाउँ एक उत्पादन"** कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्दै कृषि समूह, सहकारी, कृषि कम्पनी तथा निजी कृषि फर्मको विकास गर्ने नीति अनुरुप संघीय सरकार तथा प्रदेश सरकार सँग समन्वय गरि पकेट क्षेत्रका रुपमा विकास गर्न पर्याप्त बजेटको व्यवस्था मिलाएको छु ।

२७. सहकारी संस्थाका पदाधिकारी तथा कर्मचारीहरुको क्षमता विकास गर्नुका साथै प्रविधिमैत्री सहकारी निर्माण गर्न सहकारी तथा गरिबी निवारण सूचना प्रणाली **(COPOMIS)** तालिम संचालनको लागि रु १ लाख रुपैंया विनियोजन गरेको छु ।

२८. समग्रमा कृषि क्षेत्रको विकासको लागि रु २ करोड रुपैंया विनियोजन गरेको छु ।

## पशु विकास क्षेत्र

२९. पशुपंछी पालनलाई व्यवसायिक रुपमा अगाडी बढाउन उत्पादनका आधारमा अनुदान प्रदान गर्ने नीति अनुरुप सहकारी संस्था सँगको सहकार्यमा दुध उत्पादक कृषकलाई प्रति लिटर दुधमा रु २ रुपैंयाका दरले प्रोत्साहन गर्नको लागि रु ३२ लाख रुपैंया बजेट विनियोजन गरेको छु ।

३०. सहकारीहरुको सहकार्य र समन्वयमा मासुजन्य पदार्थ उत्पादन गर्ने कृषकलाई प्रोत्साहित गर्नको लागि प्रति के.जी. मासुमा प्रोत्साहन स्वरुप अनुदान रकम प्रदान गर्न रु ८ लाख रुपैंया विनियोजन गरेको छु ।

३१. निम्न वर्गका मुक्त कमैया, कमलरी, द्वन्द्व पीडित, दलित लगायतका पशुपालकहरुका लागि व्यवसायिक पशुपन्छी प्रवर्द्धन कार्यक्रम संचालन गर्न रु ८ लाख रुपैंया विनियोजन गरेको छु ।

३२. पशु स्वास्थ्य सेवा प्रवाहलाई आकस्मिक सेवा सँगै घुम्ती सेवामा परिणत गरी **घुम्ती पशु स्वास्थ्य शिविर** संचालन गरिनेछ साथै पशुपालक कृषकहरुलाई निशुल्क रुपमा पशुपंक्षी औषधि उपलब्ध गराउनको लागि रु १२ लाख रुपैंया विनियोजन गरेको छु ।

३३. पशुपंक्षी खोप कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्ने कार्यलाई निरन्तरता दिईनेछ जसका लागि पर्याप्त बजेटको व्यवस्था मिलाएको छु ।

३४. पशुपंक्षी बीमा कार्यक्रमलाई निःशुल्क र अनिवार्य बनाई पशुपंक्षी बीमा कार्यक्रमलाई अनुदानसँग अन्तरआबद्धता गरिने नीति अनुरुप **पशु विमा कार्यक्रम**को लागि रु २५ लाख रुपैंया विनियोजन गरेको छु ।

३५. पशुपालक कृषकलाई उत्प्रेरित गर्न पशु सुत्केरी पोषण कार्यक्रमलाई निरन्तरता दिएको छु ।

३६. समग्रमा पशु सेवा विकासको क्षेत्रमा रु १ करोड रुपैंया विनियोजन गरेको छु ।

**आदरणीय सभाध्यक्षज्यू**

**स्वास्थ्य क्षेत्र**

३७. आधारभूत स्वास्थ्य सेवालाई निःशुल्क तथा गुणस्तरीय बनाई बाँसगढी नगर अस्पतालमा विशेषज्ञ स्वास्थ्य सेवा सहितको सेवा प्रवाह गर्नको लागि आवश्यक बिद्युतिय औजार उपकरण (भिडियो एक्सरे मेशिन, इसिजि मेशिन) सहितको सामाग्री व्यवस्थापन गर्न रु ३२ लाख रुपैंया विनियोजन गरेको छु ।

३८. निर्माणाधीन नगर अस्पतालको भवनलाई प्राथमिकतामा राखी तोकिएकै समयावधि भित्र सम्पन्न गर्न संघीय सरकार र लुम्बिनी प्रदेश सरकार सँग आवश्यक समन्वय गरिनेछ ।

३९. सम्पूर्ण नगरबासीहरुलाई स्वास्थ्य बीमा कार्यक्रममा क्रमिक रुपमा सहभागी गराईनेछ भने आगामी आ.व. देखि अति विपन्न, अपाङ्ग तथा द्वन्द्व पिडीत नागरिकलाई स्वास्थ बिमा कार्यक्रममा समावेश गर्न रु ७ लाख रुपैंया विनियोजन गरेको छु ।

४०. असहाय, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकहरुलाई घर दैलोमा स्वास्थ्य जाँच गरी निःशुल्क औषधि वितरण गरिनेछ । संघीय सरकारको बजेटबाट घोषणा भए अनुरुप ९८ प्रकारका औषधि खरिद गरि निशुल्क वितरणको लागि रु २५ लाख रुपैंया विनियोजन गरेको छु ।

४१. सुत्केरी महिला तथा नवजात शिशुको पोषणस्तरको ख्याल गर्दै सुत्केरी महिलालाई घ्यू, मह लगायतका पोषण सामाग्री र सेनिटरी प्याड, टावेल लगायतका अन्य सामाग्रीहरु उपलब्ध गराउने नीति अनुरुप **"सुत्केरी महिलालाई कोसेली प्रदान कार्यक्रम"**को लागि रु १६ लाख रुपैंया विनियोजन गरेको छु ।

४२. गाउँघरमा महिला तथा बालबालिकाको स्वास्थ्य सुधार एवम् सचेतनामूलक कार्यक्रममा महिला स्वास्थ्य स्वयंसेविकाको परिचालनलाई विस्तार गरिनेछ भने महिला स्वास्थ्य स्वयंसेविकाको योगदानको कदर गर्दै प्रोत्साहन गर्ने नीति अनुरुप महिला स्वास्थ्य स्वयंसेविकालाई प्रोत्साहन गर्न रु १० लाख रुपैंया विनियोजन गरेको छु ।

४३. आयुर्वेद चिकित्सा र योगलाई समेत स्वास्थ्य सेवा प्रवाहको एक महत्वपूर्ण पाटोको रुपमा लिई प्रवर्द्धन गर्न आवश्यक बजेट व्यवस्था मिलाएको छु ।

४४. भौगोलिक विकटतालाई प्राथमिकतामा राखि यस नपाका प्रसुति केन्द्रमा सुरक्षित प्रसुति सेवा लिन आउने महिलाहरुको संख्यामा वृद्धि गर्ने र मातृमृत्युदर लाई कम गर्ने उद्देश्य अनुरुप निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराउन पर्याप्त बजेटको व्यवस्था मिलाएको छु ।

४५. समग्रमा स्वास्थ्य सेवाको लागि १ करोड ७५ लाख रुपैंया विनियोजन गरेको छु ।

**आदरणीय सभाध्यक्षज्यू,**

**<u>महिला बालबालिका तथा समाजकल्याण क्षेत्र</u>**

४६. एकल महिला, अपाङ्गता भएका व्यक्ति, द्वन्द्वपीडित, दलित, मुक्त कमैया, पिछडिएका वर्ग, यौनिक तथा लैङ्गिक अल्पसंख्यक आय आर्जनका क्रियाकलापहरुमा सहभागी गराउन सीप विकास र प्राविधिक सहयोगको नीति अनुरुप कार्यक्रम संचालनको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

४७. बालबालिका, किशोर किशोरीहरु लक्षित क्षमता अभिवृद्धि तथा सचेतनामूलक कार्यक्रम संचालन गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

४८. यौनिक तथा लैंगिक अल्पसंख्यक व्यक्तिहरुको अधिकार संरक्षण तथा उनीहरुविरुद्ध हुने हिंसा र भेदभावको अन्त्यको लागि क्षमता अभिवृद्धि तथा सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

४९. जेष्ठ नागरिकहरुको जेष्ठ नागरिक मिलन केन्द्रलाई थप व्यवस्थित गरिनेछ । जेष्ठ नागरिकहरुलाई कोसेली सहितको सम्मान गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

५०. बाँसगढी नगरपालिकाको वडा नं. ६ बालमैत्री वडाका रुपमा घोषणा भईसकेको छ । बालमैत्री क्रियाकलापहरुको निरन्तरता दिनुका साथै अन्य वडाहरुमा समेत बालमैत्री अभियान सुरुवात गर्न रु २ लाख रुपैंया विनियोजन गरेको छु ।

५१. यस क्षेत्रमा बढ्दै गएको आत्महत्यालाई न्यूनिकरण गर्नको लागि मनोसामाजिक परामर्श कार्यक्रम नगरस्तर र वडास्तरमा संचालन गर्नको लागि रु २ लाख रुपैंया विनियोजन गरेको छु ।

५२. **"बैक खाता छोरीलाई, सुरक्षा जीवनभरिलाई"** भन्ने नारालाई मुर्तरुप दिन **"एक छोरी एक बैक खाता"** कार्यक्रमको निरन्तरताको लागि रु २० लाख रुपैंया विनियोजन गरेको छु । जसबाट यसक्षेत्र भित्र जन्म भएका छोरीहरुको उचित शिक्षा, स्वास्थ्य तथा पोषणको पाटोमा टेवा पुग्ने अपेक्षा लिएको छु ।

## <u>उद्योग, बाणिज्य, रोजगारी र पर्यटन क्षेत्र</u>

५३. उद्योग ग्राम स्थापनाका लागि संघीय सरकार र प्रदेश सरकार सँग समन्वय गरिनेछ । आवश्यकताका आधारमा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम मार्फत स्थानीय सिप विकासका कार्यक्रमहरु संघीय शर्सत अनुदान बाट संचालन गरिनेछ ।

५४. धार्मिक, ऐतिहासिक तथा पुरातत्विक सम्पदाहरुको संरक्षण, निर्माण, पुन:निर्माण तथा प्रचार प्रसार गरी पर्यटन प्रवर्धन गर्न रु १० लाख रुपैंया एकमुष्ट विनियोजन गरेको छु ।

५५. बाँसगढी नगरपालिकाको रोजगार सेवा केन्द्रमा सूचिकृत ६१२ जना बेरोजगार व्यक्तिहरुलाई संघीय सरकारसँगको समन्वयमा रोजगारीको अवसर प्रदान गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

५६. बाँसगढी नगरपालिकाको प्रमुख पर्यटकीय हवको रुपमा विस्तार भएको केदारेश्वर धाम संरक्षणको लागि संघीय सरकारको समन्वयमा आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

<u>विपद व्यवस्थापन क्षेत्र</u>

५७. बाँसगढी नगरपालिका मुख्य गरी आगलागी र बाढीबाट बढी जोखिम रहेको क्षेत्र रहेको हुदाँ नगरपालिकामा रहेको दमकलबाट हुने सेवा प्रवाहलाई २४ सै घण्टा दुरुस्त राखि सेवा प्रवाह गर्न आवश्यक जनशक्ती र औजार उपकरणको पर्याप्त व्यवस्था मिलाएको छु ।

५८. विपदमा परेका नगरबासीहरुलाई सक्दो भौतिक तथा आर्थिक सहायता उपलब्ध गराउन तथा विपदको तत्कालीन समयमा व्यवस्थापन गर्न बाँसगढी नगरपालिकामा रहेको प्रकोप व्यवस्थापन कोषमा रु १५ लाख रुपैंया विनियोजन गरेको छु ।

५९. आगामी आ.व.मा आकष्मिक कोष संचालन कार्यविधि निर्माण गरि बाँसगढी नगरपालिकामा रहेको आकष्मिक कोषबाट तत्कालै केही राहात उद्दारका कार्यहरु गर्न रु ५ लाख रुपैंया विनियोजन गरेको छु ।

६०. विपद् व्यवस्थापनको लागि विपत् पूर्व तयारी तथा प्रति कार्ययोजना निर्माणको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

<u>सूचना तथा प्रविधि क्षेत्र</u>

६१. एकीकृत कृषि सूचना प्रणाली तथा मौसम सम्बन्धी पूर्व सूचना प्रणाली विकासको लागि आवश्यक प्रक्रियाहरु चालु आर्थिक वर्षमा अगाडी बढाईनेछ ।

६२. नगर भित्रका घरधुरीहरु पहिचानका लागि प्रविधिमा आधारित नगर भित्रका सवै घरहरुमा डिजिटल घर नं कायम गर्न रु ५ लाख रुपैंया विनियोजन गरेको छु ।

६३. विद्युतिय सिकाइ (**E-learning**) र विद्युतिय शिक्षा (**E –education**) कार्यको विकास गरि शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाइनेछ ।

६४. नगर भित्रको शान्ति सुरक्षा ब्यबस्था मजबुत बनाउन सुरक्षा निकाय सँग समन्वय सहकार्य गरि मुख्य बजारहरुमा सिसि टिभिको ब्यवस्थापनलाई प्रमुख प्राथमिकतामा राखिनेछ। महेन्द्र राजमार्गको हकमा **Automatic Number Plate Recognition (ANPR)** प्रणाली लागु गर्न पर्याप्त बजेटको व्यवस्था मिलाएको छु ।

६५. नगरपालिकाबाट प्रदान गरिने सेवाहरु कसरी लिने भन्ने बारे जानकारी दिन सबै वडा कार्यालयमा डिजिटल वडापत्रको व्यवस्था गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

**आदरणीय सभाध्यक्षज्यू,**

<u>भौतिक पूर्वाधार क्षेत्र</u>

६६. बाँसगढी नगरपालिकाको श्री जनता मावि बठुवा विद्यालयमा **"कृषि आय कार्यक्रम"** अन्तर्गत संघीय सरकार विशेष अनुदानको रकम रु १ करोड बाट पूर्वाधार निर्माण गरिनेछ ।

६७. संघीय सरकार तथा प्रदेश सरकारबाट प्राप्त समपुरक अनुदानका योजना कार्यक्रम संचालन गर्न तथा अन्य विभिन्न निकाय सँग साझेदारीमा कार्यक्रम संचालन गर्न यस नपाको ५० प्रतिशत हिस्सा स्वरुप समपुरक कोषमा रु ४ करोड ५० लाख रुपैंया विनियोजन गरेको छु ।

६८. आ.व. २०७८।७९ सम्म निर्माणाधिन विभिन्न योजनाहरुलाई निरन्तरता दिनको लागि रु १४ करोड रुपैंया विनियोजन गरेको छु ।

६९. सम्पूर्ण जनताहरुलाई विद्युत सेवाको पहुँचमा पुर्याउन विद्युत सेवाको विस्तार कार्यक्रमका लागि रु १० लाख रुपैंया विनियोजन गरेको छु ।

७०. विभिन्न समुदायहरुको मागको आधारमा ह्युमपाइप वितरणको लागि ह्युमपाइप खरिद योजनाको लागि रु १० लाख रुपैंया विनियोजन गरेको छु ।

७१. बाँसगढी नगरपालिका भित्रका सम्पूर्ण वडा कार्यालयलाई आफ्ना वडावासीहरुको मागको आधारमा भौतिक निर्माण तर्फका कार्यक्रम तथा योजना संचालनको लागि एकमुष्ठ रु ४ करोड ५ लाख रुपैंया विनियोजन गरेको छु ।

७२. सडकहरुको निरन्तर सुधार गरी सडक यातायातको पहुँच अभिवृद्धि गरिने नीति अनुरुप प्रत्येक बर्ष बर्षायाममा बिग्रेका विभिन्न सडक बाटोहरुलाई मर्मत गर्नको लागि रु १५ लाख रुपैंया विनियोजन गरेको छु ।

७३. धार्मिक सहिष्णुतायुक्त समाज निर्माणको प्रर्वद्धन र विकास गर्ने हेतुले यस नपाभित्र रहेका विभिन्न धार्मिक आस्था राख्ने नागरिकको धार्मिक, सास्कृतिक तथा ऐतिहासिक धरोहरका रुपमा रहेका संरचना निर्माण र मर्मतका लागि रु १० लाख रुपैंया विनियोजन गरेको छु ।

७४. प्रदेश तथा संघीय सरकारसँगको साझेदारीमा पक्की पुल तथा झोलुंगे पुलहरुको निर्माण कार्यलाई तिव्रता दिई सर्वसाधारण नागरिकको यातायात माथीको पहुँचलाई सहज बनाईनेछ ।

<u>अन्य विविध क्षेत्रहरु</u>

७५. ८० वर्ष माथिका ज्येष्ठ नागरिक र अपांगता भएका व्यक्तिहरुलाई घर घरमै सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने नीति अनुरुप बैकहरु सँग समन्वय र सहकार्य गरिनेछ ।

७६. प्रत्येक टोल टोलमा गठन भएका टोल विकास संस्था र गाउँ बरघर संस्थाका पदाधिकारीहरुको क्षमता अभिवृद्धि गरि सबल संस्था निर्माण र विकास गर्न रु ५ लाख रुपैंया विनियोजन गरेको छु ।

७७. उच्च शिक्षा अध्यापन गराउने सोचले यस नगरक्षेत्र भित्र संचालित दुईवटा बहुमुखी क्याम्पसहरुको व्यवस्थापन लागि प्रति क्याम्पस रु ५ लाखका दरले अनुदान रकम रु १० लाख रुपैंया विनियोजन गरेको छु ।

७८. सार्वजनिक सुनुवाई र सामाजिक परिक्षण (**Public Hearing and Public Audit)** मा समन्वय र सहकार्य गर्दै आएको यस नपाभित्र संचालित एक मात्र रेडियो स्टेशन रेडियो

गुर्वावा एफ.एम लाई कार्यक्रम संचालन तथा व्यवस्थापनको लागि रु ३ लाख रुपैंया विनियोजन गरेको छु ।

७९. नगरपालिकाको अधिकार क्षेत्रभित्रका करका दरहरु कम गरी दायरा फराकिलो बनाउनुका साथै बैज्ञानिक र प्रविधिमैत्री राजश्व प्रणालीको विकास गर्न राजश्व सुधार योजनालाई समयानुकूल परिमार्जन गरिनेछ ।

८०. अधिकतम् राजश्व बुझाउने व्यक्ति वा व्यवसायलाई सम्मान गर्न तथा राजश्व शिक्षा कार्यक्रम संचालन गरि कर संकलनमा वृद्धि गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

८१. बाँसगढी नगरपालिकाबाट हुने हरेक आर्थिक कारोवारलाई पारदर्शी, मितव्ययी र औचित्यपूर्ण बनाउन **स्थानीय संचितकोष व्यवस्थापन प्रणाली (SUTRA)** लागु भएको छ। **Paperless Government** अवधारणा बमोजिम आगामी आ.व. बाट अन्य विविध प्रणालीहरु समेत संचालन गर्नको लागि रु १५ लाख रुपैंया विनियोजन गरेको छु ।

८२. राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण योगदान रहँदै आएको पर्यटन क्षेत्रसँग सम्बन्धित आर्थिक क्रियाकलापलाई प्रर्वद्धन गर्दै देशभित्र रहेका भौगोलिक, प्राकृतिक, सामाजिक, धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक महत्वका पर्यटकीय स्थलहरुको विकास, विस्तार, प्रचार-प्रसार, नयाँ पर्यटकीय स्थलको पहिचान गरि आकर्षक र भरपर्दो आन्तरिक पर्यटकीय स्थलहरुको प्रर्वद्धन गर्न नगरकार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीहरुलाई पुनर्ताजगी, प्रोत्साहन एवं उत्प्रेरित गर्न **कर्मचारीको आन्तरिक पर्यटन काज कार्यक्रम**लाई संचालनको लागि रु ५० लाख रुपैंया विनियोजन गरेको छु ।

८३. बाँसगढी नगरकार्यपालिकाको कार्यालयमा कार्यरत सबै राष्ट्रसेवक कर्मचारीहरुलाई उत्प्रेरित गरि सेवा भाव उच्च बनाउन संघीय सरकारको बजेट वक्तव्यबाट सम्बोधन भए अनुसार नै विक्रम संवत् २०७९ साउन १ गतेदेखी लागु हुने गरि खाइपाई आएको तलबमानमा १५ प्रतिशत वृद्धि गरेको छु । साथै सम्पूर्ण सामुदायिक विद्यालयहरुमा नगर अनुदानमा कार्यरत शिक्षक शिक्षिकाहरुको विक्रम संवत २०७९ साउन १ गते देखि लागु हुने गरि खाईपाइ आएको तलबमानमा थप रु २ हजारका दरले वृद्धि गरेको छु । त्यसैगरी नेपाल सरकारले तोके बमोजिम सामुदायीक विद्यालयहरुमा कार्यरत बाल विकास

शिक्षकहरु र कार्यलय सहयोगीहरुको संघीय सरकारले अनुदान स्वरुप निकासा पठाएको रकममा यस नपाको आफ्नो स्रोतबाट रकम थप गरि न्यूनतम रु १५ हजार रुपैंया हुने गरि वृद्धि गरेको छु ।

८४. बाँसगढी नगरपालिकाका सबै वडामा रहेका मेलमिलाप केन्द्रको क्षमता अभिवृद्धि गर्नुका साथै न्यायिक समितिबाट हुने न्यायिक निरुपणका कार्यहरु छिटो, छरितो र विश्वसनीय बनाई **"जनतासँग सरकार"** रहेको अनुभूति दिलाउन विविध क्षमता अभिवृद्धिका कार्यक्रम संचालनको लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

८५. **"मेरो पालिका म आफैं बनाउँछु"** भन्ने भावना जागृत गराउन सम्पूर्ण नगरबासीहरुको साथ, सहयोग र समन्वयमा नगरपालिकाबाट सम्पादन हुने हरेक कार्यलाई पारदर्शी, मितव्ययी र प्रभावकारी बनाईनेछ ।

८६. बजेट तर्जुमा प्रक्रियामा अमूल्य सुझाव प्रदान गर्ने सम्पूर्ण राजनीतिक दल, विभिन्न समिति, निजी क्षेत्र तथा सहकारी क्षेत्र, नागरिक समाज तथा सञ्चार जगतलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । नगरको आर्थिक सामाजिक विकासको लागि कर तिरी योगदान पुर्याउनु हुने सबै करदाता एवं निजी क्षेत्र र निरन्तररुपमा नगरलाई सहयोग पुर्याउने विकास साझेदारहरु प्रति हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु । यस बजेटको कार्यान्वयनमा सबैको सहयोग रहने विश्वास लिएको छु ।

अन्त्यमा, यस ऐतिहासिक एघारौं नगरसभामा पाल्नुभएका सम्पूर्ण नगरसभा सदस्यज्यूहरुलाई धन्यवाद व्यक्त गर्दछु । नगरको विकासमा सदैव सहयोग गर्नुहुन आम नगरबासी दाजुभाई दिदीबहिनीहरु, राजनैतिक तथा सामाजिक अगुवाहरु, सम्पूर्ण सरकारी तथा गैरसरकारी निकायहरु, सुरक्षाकर्मीहरु, पत्रकार मित्रहरु एवम् कर्मचारीहरु सबैलाई हार्दिक आभार व्यक्त गर्दै नगरका सम्पूर्ण दिदी बहिनी तथा दाजुभाइहरुलाई नगरको विकास प्रयास र नागरिकको जीवनस्तरमा उल्लेखनीय रुपमा परिवर्तन ल्याउन एकजुट हुन समेत हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद ।

इन्दिरा चौधरी
नगर उप-प्रमुख
मिति २०७९ असार १० गते ।


बाँसगढी नगरपालिका नगरकार्यपालिकाको कार्यालय
बाँसगढी, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल
www.bansgadhimun.gov.np
084-400002
www.facebook.com/municipalitybansgadhi
twitter.com/bansgadhimun